कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १७ | वि.सं. २०८३ वैशाख १७ बिहिवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल चतुर्दशी | Thursday 30 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत आयोजना


# लगानी संरचना परिवर्तन गर्न सर्वोच्चको आदेश

**फुकोट कर्णाली जलविद्युत् आयोजना नेपालमा बनिरहेका मध्ये सबैभन्दा सस्तो लागत र उच्च प्रतिफल लिन सकिने आयोजना हो । कुल ९२ अर्ब लागत रहेको आयोजनामा प्रति मेगावट १९ करोड १६ लाख पर्ने जनाइएको छ । फुकोट कर्णाली जलविद्युत आयोजना कर्णाली प्रदेशको कालीकोट जिल्लाको रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, खाँडाचक्र नगरपालिका, पताल झरना गाउँपालिकामा अवस्थित छ ।**

**ओम शाही**
**सुर्खेत, १६ बैशाख ।**

कालीकोट जिल्लाका पाँच स्थानीय तह भएर बग्ने कर्णाली नदीमा निर्माणाधिन ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत आयोजनाको लगानी संरचना परिवर्तन गर्नुपर्ने भएको छ । नेपाल सरकारको स्वामित्वमा रहेको विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतीय सरकारी कम्पनीबीच भएको लागत साझेदारी नेपालका पक्षमा नभएको दावी गर्दै दायर भएको रिटमा अन्तिम सुनुवाई गर्दै सर्वोच्च अदालतले सम्झौता संशोधन गरेर आयोजना अघि बढाउन निर्देशनात्मक आदेश दिएको हो ।

नेपाल र भारतीय कम्पनीको संयुक्त लगानीमा निर्माण हुने अर्धजलाशययुक्त आयोजनाको सम्झौतामा नेपालले प्राप्त गर्नुपर्ने प्रतिफल नपाएको ठहर सर्वोच्चको छ । विद्युत उत्पादन कम्पनी र भारतीय सरकारी कम्पनी



(एनएचसपी) बीच १७ जेठ २०८० मा भएको लगानी समझदारी पत्रको धारा ५ मा शेयर स्वामित्व बाँडफाँड भएको थियो ।

उक्त समझदारी पत्रमा नेपालको सार्वभौमसत्ता, अखण्डता, प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय

बाँकी ३ पेजमा

## सस्तो लागत, उच्च प्रतिफल

फुकोट कर्णाली जल विद्युत् आयोजना नेपालमा कार्यान्वयन भइरहेका मध्ये सबैभन्दा लागत सस्तो र उच्च प्रतिफल लिन सकिने आयोजना हो । कुल ९२ अर्ब लागत रहेको आयोजनामा प्रति मेगावट १९ करोड १६ लाख पर्ने जनाइएको छ ।

फुकोट कर्णाली जलविद्युत आयोजना कर्णाली प्रदेशको कालीकोट जिल्लाको रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, खाँडाचक्र नगरपालिका, पचाल झरना गाउँपालिकामा अवस्थित छ । कर्णाली नदीमा निर्माण हुने यो आयोजनाको ग्रस हेड १६८.६२ मीटर तथा डिजाइन डिस्चार्ज ३४८ घन मिटर प्रति सेकेण्ड छ । आयोजनाबाट औसत वार्षिक २४४.८ करोड युनिट बिजुली उत्पादन हुने जनाइएको छ ।

आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सुख्खा याममा दैनिक ६ घण्टा पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न सकिन्छ । आयोजनाबाट उत्पादित विद्युत ४०० केभि डबल सर्किट प्रसारण लाइनमार्फत विद्युतको राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने आयोजनाको लक्ष्य छ । हालसम्म आयोजनाको

बाँकी ४ पेजमा

## पहिलोपटक थारु खाना महोत्सव

**युग संवाददाता**
**बाँके, १६ वैशाख ।**

नेपालगञ्जमा पहिलो पटक थारु खाना महोत्सव आयोजना हुने भएको छ । यही वैशाख १७ गतेदेखि १९ गतेसम्म सञ्चालन हुने महोत्सव यहाँस्थित सोल्टी वेस्टेन्ड प्रिमियर नेपालगञ्जमा आयोजना हुन लागेको हो ।

थारु समुदायमा खाइने परिकारका मौलिक स्वाद, संस्कृति र परम्परागत खानालाई प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सवको आयोजना गर्न लागिएको आयोजक सोल्टी वेस्टर्न प्रिमियर नेपालगञ्जका महाप्रबन्धक राजबिक्रम शाहले जानकारी दिए ।

थारु समुदायको परम्परागत खाना परिकारको संरक्षण, प्रवर्द्धन तथा नयाँ पुस्तासम्म यसको मौलिक स्वाद र सांस्कृतिक महत्व पुऱ्याउने उद्देश्यले नेपालगञ्जमा पहिलोपटक थारु खाना महोत्सव आयोजना गर्न लागिएको हो । "महोत्सवमा अनुभवी सेफद्वारा तयार पारिएका थारु समुदायका परिकारहरू प्रस्तुत गरिनेछन्, थारु समुदायको मौलिक खानालाई संरक्षण गर्दै त्यसलाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा चिनाउने हाम्रो उद्देश्य हो", महाप्रबन्धक शाहले भने ।

## एलएलबी अध्ययन गर्न त्रिवीका प्राध्यापक जुम्लामा

**गोल्डेन बुढा**
**जुम्ला, १६ वैशाख ।**

कर्णाली प्रदेशको साविक कर्णाली क्षेत्रमा रहेको एक मात्र आंगिक संस्था जुम्ला बहुमुखी क्याम्पसमा कानुन संकाय सञ्चालनको माग फेरि चर्किएको छ । स्थानीय तहदेखि नागरिक समाजसम्मले एलएल.बी कार्यक्रम तत्काल सुरु गर्न दबाब बढाइरहेका बेला त्रिभुवन विश्वविद्यालयको ढिलाइले बहसलाई थप तीव्र बनाएको छ ।

सदरमुकाम खलंगामा बुधबार क्याम्पसमा आयोजित 'एलएल.बी कार्यक्रम विस्तार' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी सबै सरोकारवालाले कानुन शिक्षा अब विकल्प नभई आवश्यकता भएको निष्कर्ष निकाल्दै चालु शैक्षिक सत्रमै कक्षा सञ्चालनको वातावरण बनाउन आग्रह गरे ।

सोही क्रममा सम्भाव्यता अध्ययनका लागि पूर्व डिन प्रा.डा. लक्ष्मणकुमार उपाध्याय र प्रा.डा. विजयसिंह सिंजापति जुम्ला पुगेका छन् ।यसअघि गत पुसमा आयोजित बृहत् अन्तरक्रियाले स्नातक तहमा कानुन, मानविकी र व्यवस्थापन संकाय थप्ने साझा निर्णय गरिसकेको थियो ।

निर्णयअनुसार कानुनअन्तर्गत एलएल.बी, मानविकीमा आमसञ्चार तथा पत्रकारिता, पर्यटन तथा हेरिटेज, सामाजिक कार्य र मनोविज्ञान परामर्श तथा व्यवस्थापनतर्फ विज्ञान तथा सूचना प्रविधि विषय सञ्चालन गर्ने प्रस्ताव अघि बढाइएको थियो । स्थानीय तहहरूले समेत कार्यक्रम सञ्चालनका लागि आर्थिक प्रतिबद्धता जनाइसकेका छन् ।

चन्दननाथ नगरपालिकाले १५ लाख रुपैयाँ र सात गाउँपालिकाले जनही १०/१० लाख रुपैयाँ विनियोजन गर्ने घोषणा गरेका छन् । साथै छात्रवृत्ति व्यवस्थासमेत गर्ने बताइएको छ । सोही निर्णयलाई कार्यान्वयन गर्न जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यको संयोजकत्वमा पहल समिति समेत गठन भइसकेको छ ।

क्याम्पसले आवश्यक पूर्वाधार र जनशक्ति तयार पारिसकेको दाबी गरे पनि त्रिभुवन विश्वविद्यालयबाट सैद्धान्तिक सहमति नआउँदा प्रक्रिया अघि बढ्न सकेको छैन । सहमति नपाएपछि क्याम्पस प्रमुख प्रकाशचन्द्र खत्री स्वयं त्रिवी पुगेर डिनदेखि रजिस्ट्रारसम्म भेट्दै असन्तुष्टि जनाएका थिए । उनले जुम्लामाथि उपेक्षा भएको आरोप लगाउँदै कानुन शिक्षा सञ्चालन गर्न क्याम्पस सक्षम रहेको बताएका छन् ।

त्यसपछि मात्रै त्रिवीले स्थलगत अध्ययनका लागि पूर्व डिनहरूलाई जुम्ला पठाएको हो । अन्तरक्रियामा बोल्दै सरोकारवालाले अब थप ढिलाइ नगरी अध्ययन प्रतिवेदनका आधारमा छिट्टै अनुमति दिनुपर्ने बताएका छन् । स्ववियु अध्यक्ष लोकेन्द्र बुढाले लामो समयदेखि भइरहेको प्रयासले अब परिणाम दिनुपर्ने बताए । "अब कुनै पनि बहानामा ढिलाइ हुनु हुँदैन," उनले भने ।

वरिष्ठ अधिवक्ता पदमबहादुर शाहीले जुम्लामा कानुन शिक्षा सञ्चालन हुने विषयले उत्साह थपिएको उल्लेख गर्दै यसको दिगोपनामा ध्यान दिनुपर्ने बताए ।पूर्व डिन प्रा.डा. विजयसिंह सिंजापतिले त्रिवी सकारात्मक रहेको संकेत गरे । जिल्ला समन्वय समितिका प्रमुख आचार्यले स्थानीय तहको प्रतिबद्धताका कारण कार्यक्रम सञ्चालनमा कुनै दुविधा नरहेको बताए ।

क्याम्पस प्रमुख खत्रीले भने जुम्लाले 'भिख होइन, अधिकार' मागेको स्पष्ट पारे । "पूर्वाधार, जनशक्ति र विद्यार्थी सबै तयारी

बाँकी ४ पेजमा






## सम्पादकीय....

# अर्थतन्त्र सुधारमा लक्ष्यप्राप्तिको चुनौती

मुलुकको पछिल्लो समर्ग अर्थतन्त्रको चित्र सार्वजनिक भएको छ। केन्द्रीय तथ्यांक कार्यालयले सार्वजनिक गरेको पछिल्लो तथ्यांकले नेपालको अर्थतन्त्र क्रमशः लयमा फर्कन खोजेको संकेत त गरेको छ, तर अपेक्षित गति समात्न अझै कठिन देखिएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत र आधारभूत मूल्यमा ३.६८ प्रतिशत रहने प्रारम्भिक प्रक्षेपण गरिएको छ। सरकारले वित्त नीतिमार्फत ६ प्रतिशतको महत्वाकांक्षी लक्ष्य राखेको भएतापनि आन्तरिक र बाह्य विविध कारणले गर्दा वृद्धिमा संकुचन आउनुले सरकारी लक्ष्य र यथार्थबीचको खाडललाई पुनः उदाङ्गो पारेको छ। तथ्यांकअनुसार उपभोक्ता मूल्यमा आधारित कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकार ६६ खर्ब पुग्ने अनुमान छ, जुन अघिल्लो वर्ष ६१ खर्ब ९९ अर्ब थियो।

आकारमा वृद्धि हुनु सकारात्मक देखिए तापनि वृद्धिदरको न्यूनताले उत्पादकत्वमा अपेक्षित सुधार हुन नसकेको पुष्टि गर्छ। अझ चिन्ताको विषय त के छ भने, विश्व बैंक र एसियाली विकास बैंक जस्ता अन्तर्राष्ट्रिय निकायहरूले नेपालको वृद्धिदर तीन प्रतिशतभन्दा तल रहने दाबी गरिरहेका छन्। सरकारी निकाय र दातृ निकायबीचको यो प्रक्षेपणको दूरीले हाम्रो आर्थिक तथ्यांकको विश्वसनीयता र जोखिम व्यवस्थापनमा प्रश्न खडा गरेको छ। अर्थतन्त्रका केही सूचकहरूले भने आशाका किरण देखाएका छन्। कुल राष्ट्रिय बचत जीडीपीको ४४.७७ प्रतिशत पुग्ने अनुमान र स्थिर पुँजी निर्माणमा सामान्य वृद्धि हुनुले दीर्घकालीन लगानीका लागि आधार तयार गर्न सक्छ। निर्यात जीडीपीको ९.९७ प्रतिशत पुग्ने प्रक्षेपणले वैदेशिक व्यापारमा केही राहत मिल्ने संकेत गर्छ, यद्यपि ३४.५२ प्रतिशतको आयातको तुलनामा यो अझै न्यून छ। नेपालको अर्थतन्त्र अझै पनि रेमिट्यान्सकै भरमा टिकेको छ। यस वर्ष जीडीपीको ३३ प्रतिशतभन्दा बढी विप्रेषण प्राप्त हुने अनुमानले वैदेशिक रोजगारीको विकल्प आन्तरिक उत्पादन हुन नसकेको तीतो सत्यलाई प्रष्ट पार्छ।

यद्यपि, प्रतिव्यक्ति आय र जीडीपीको अनुपातमा देखिएको सुस्तता चुनौतिपूर्ण छ। अघिल्लो वर्ष प्रतिव्यक्ति जीडीपी १५ सय १६ डलर रहेकोमा यस वर्ष घटेर १५ सय १३ डलर पुग्ने अनुमान हुनुले आम नागरिकको जीवनस्तरमा सुधार हुन नसकेको देखिन्छ। उपभोग खर्च जीडीपीको ९० प्रतिशतभन्दा माथि रहनुले बचत र पुनः लगानीका लागि सीमित स्रोत मात्र बाँकी रहेको बुझिन्छ। ६ प्रतिशतको लक्ष्य राखेर चार प्रतिशतको हाराहारीमा खुम्चनुले हाम्रो नीतिगत कार्यान्वयनमा कमजोरी रहेको प्रष्ट पार्छ। अबको प्राथमिकता केवल रेमिट्यान्स र उपभोगमा आधारित अर्थतन्त्रलाई उत्पादन र निर्यातमुखी बनाउनेतर्फ केन्द्रित हुनुपर्छ। तथ्यांकले देखाएको चार प्रतिशतको वृद्धिलाई आधार मानेर सरकारले आगामी दिनमा पुँजीगत खर्च बढाउन, निजी क्षेत्रको मनोबल उकास्न र आन्तरिक उत्पादनमा जोड दिनु अपरिहार्य छ। अन्यथा, अन्तर्राष्ट्रिय निकायले गरेको न्यून वृद्धिको प्रक्षेपण यथार्थमा परिणत हुने जोखिम रहिरहनेछ।

## विश्व

# अमेरिका-बेलायत सम्बन्धमा जोड

**वासिङ्टन, १६ वैशाख ।**

इरानसँग सम्बन्धित क्षेत्रीय तनाव चर्किरहेका बेला बेलायतका राजा चार्ल्स तृतीय र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच ह्वाइट हाउसमा भएको भेटवार्ताले दुई देशबीचको पुरानो साझेदारीलाई पुनः केन्द्रमा ल्याएको छ। राज्यस्तरीय रात्रिभोजका क्रममा दुवै नेताले 'विशेष सम्बन्ध' को खुलेर प्रशंसा गर्नुभयो। यद्यपि इरानको आणविक कार्यक्रमबारे ट्रम्पले सार्वजनिक रूपमा राखेको धारणा विवादको विषय बन्यो।

भव्य स्वागत र औपचारिक कार्यक्रमबीच आयोजित रात्रिभोजमा ट्रम्पले इरानलाई सङ्केत गर्दै आफूहरूले 'विशेष प्रतिद्वन्द्वीलाई सैन्य रूपमा पराजित गरेको' दाबी गरे। उनले राजा चार्ल्स तृतीय पनि आफ्नो विचारसँग सहमत रहेको बताउँदै उक्त देशलाई कहिल्यै आणविक हतियार विकास गर्न नदिने अडान दोहोऱ्याए। तर यस विषयमा राजा चार्ल्स तृतीयले प्रत्यक्ष समर्थन जनाएका कुनै सङ्केत देखिएन र उनले आफ्नो सम्बोधनमा इरान वा युद्ध तनावको सीधा उल्लेख गरेनन्।

यसको सट्टा राजा चार्ल्स तृतीयले लन्डन र वासिङ्टनबीचको ऐतिहासिक सहकार्यलाई अझ मजबुत बनाउने आवश्यकता औँल्याउँदै बदलिँदो विश्व परिवेशमा साझा चुनौतीहरू सामना गर्न मिलेर अघि बढ्नुपर्ने धारणा व्यक्त गरे। उनले अन्तर्राष्ट्रिय गठबन्धनहरूको महत्त्व, विशेषगरी नाटो जस्ता संरचनाहरूको भूमिका, स्पष्ट रूपमा उल्लेख गरे, जसप्रति ट्रम्पले विगतमा आलोचनात्मक धारणा राख्दै आएका छन्। साथै, युक्रेनमाथि रुसको आक्रमणविरुद्ध निरन्तर समर्थन आवश्यक रहेकोमा उनले जोड दिए।

कार्यक्रममा एप्पलका प्रमुख टिम कुक, अमेजनका जेफ बेजोस, एनभिडियाका जेन्सेन हुआङ तथा गल्फ खेलाडी रोरी म्याक्लरोय जस्ता प्रविधि र व्यवसाय क्षेत्रका चर्चित व्यक्तित्वहरूको उपस्थिति थियो। भोजको मेनुमा बगैँचाको तरकारी भेलुटे, स्प्रिङ हर्बेड रावियोली, डोभर सोल म्युनियर र अन्त्यमा मह तथा भ्यानिला बिन क्रेमेक्स समावेश गरिएको थियो।

सम्बोधनका क्रममा दुवै नेताले हल्का मजाक पनि गरे। ट्रम्पले राजा चार्ल्स तृतीयको अमेरिकी कंग्रेसमा दिएको भाषणको प्रशंसा गर्दै डेमोक्रेट सांसदहरूलाई समेत उठ्न बाध्य बनाएको उल्लेख गरे। जवाफमा राजा चार्ल्स तृतीयले ऐतिहासिक सन्दर्भ जोड्दै बेलायत र फ्रान्सबीचको प्रतिस्पर्धाको प्रसङ्ग उठाएर रमाइलो टिप्पणी गरे।

यसअघि कंग्रेसलाई सम्बोधन गर्दै राजा चार्ल्स तृतीयले लोकतान्त्रिक मूल्य, कानूनी शासन र शक्ति सन्तुलनको सिद्धान्तप्रति प्रतिबद्धता दोहोऱ्याएका थिए। उनले म्याग्ना कार्टाको सन्दर्भ उल्लेख गर्दै यसले अमेरिकी न्याय प्रणालीमा समेत प्रभाव पारेको बताए। उक्त अभिव्यक्तिले विशेषगरी विपक्षी डेमोक्रेट सांसदहरूबाट सकारात्मक प्रतिक्रिया पाएको थियो।

राष्ट्रपति ट्रम्पले स्वागत समारोहमा बेलायतलाई अमेरिकाको सबैभन्दा नजिकको सहयोगीको रूपमा चित्रण गरे। उनले अमेरिकी स्वतन्त्रतापछि पनि दुई देशबीचको सम्बन्ध निरन्तर सुदृढ रहेको उल्लेख गर्नुभयो। यद्यपि, इरानलगायत केही नीतिगत विषयमा ट्रम्पले बेलायती प्रधानमन्त्री कीर स्टार्मरको आलोचना गर्दै आएका छन्, जसले सम्बन्धमा केही असहजता देखाएको छ।

यस भ्रमणलाई सुरक्षा दृष्टिले पनि संवेदनशील मानिएको छ। वासिङ्टनमा हालै ट्रम्पमाथि कथित आक्रमण प्रयासको घटना सार्वजनिक भएपछि सुरक्षालाई कडा बनाइएको छ। हिंसात्मक गतिविधिप्रति असहमति जनाउँदै राजा चार्ल्स तृतीयले यस्ता कार्यहरू सफल नहुने स्पष्ट पारे।

चार दिने भ्रमणअन्तर्गत शाही दम्पतीले बुधबार न्युयोर्कको भ्रमण गर्ने कार्यक्रम रहेको छ। त्यहाँ उनीहरूले ९/११ स्मारक स्थलको अवलोकन गर्नेछन्। त्यसपछि उनीहरू बर्मुडातर्फ प्रस्थान गर्ने तालिका रहेको छ।

# कार्ययोजना अभावमा वन संरक्षण क्षेत्र अलपत्र

✍ इन्द्राकुमारी केसी/रासस

मुलुकमा सङ्घीय संरचना लागू भएपछि वन व्यवस्थापनलाई अझ व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाउने उद्देश्यले सङ्घ र प्रदेश दुवै तहबाट कानुनी तथा नीतिगत व्यवस्था गरिए पनि कार्यान्वयनमा भने संरक्षण क्षेत्र अपेक्षित रूपमा सक्रिय र परिणाममुखी हुन सकेका छैनन्। सुदूरपश्चिम प्रदेशको कैलालीस्थित वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरको लालझाडी-मोहना वन संरक्षण क्षेत्रलाई यस अवस्थाको प्रतिनिधि उदाहरणका रूपमा लिन सकिन्छ।

विसं २०६८ फागुन १५ गते औपचारिक रूपमा वन संरक्षण क्षेत्र घोषणा गरिएको यी दुवै क्षेत्रले करिब ९८ हजार ६४३ हेक्टर क्षेत्रफल ओगटेको छ। यी क्षेत्रहरू नेपाल-भारत सीमावर्ती भूभागमा अवस्थित भई वन्यजन्तुको आवागमनका लागि महत्वपूर्ण जैविक मार्गका रूपमा परिचित छन्। वसन्ता वनले तराई र चुरे क्षेत्रबीचको पारिस्थितिकीय सम्बन्ध कायम राख्नुका साथै भारतस्थित दुधवा नेशनल पार्कसँगको अन्तरसम्बन्धलाई समेत जीवन्त बनाएसँगै दुर्लभ तथा सङ्कटापन्न वन्यजन्तुको आवागमन र वासस्थान संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

प्रदेश सरकारले डडेलधुराको महाभारत क्षेत्र, बैतडीको ग्वालेक केदार र सिँगास, अछामको रामारोशन तथा डोटीको तेले लेक गरी थप पाँच वटा क्षेत्रलाई प्रस्तावित वन संरक्षण क्षेत्रका रूपमा अघि सारेको छ। यी प्रस्तावित क्षेत्रहरूको कुल क्षेत्रफल करिब ८३ हजार ५६१ हेक्टर रहेको छ, जसले प्रदेशको जैविक विविधता संरक्षण र पर्या-पर्यटन प्रवर्द्धनमा दीर्घकालीन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय दृष्टिकोणबाट वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक रूपमा महत्वपूर्ण मानिएका, विशेषगरी जलाधार संरक्षणका हिसाबले संवेदनशील देखिएका क्षेत्रहरू जसमा संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापन आवश्यक ठानिएको छ।

यसले संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै स्थानीय समुदायको सहभागितामूलक व्यवस्थापनलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ। यस्ता महत्वपूर्ण क्षेत्रहरू घोषणा गरिएको १५ वर्ष बितिसक्दा पनि व्यवस्थापनका आधारभूत उपकरण मानिने कार्ययोजना समयमै अद्यावधिक हुन सकेका छैनन्। नियमअनुसार प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने कार्ययोजना २०७३ सालमै नवीकरण भइसक्नुपर्ने भए पनि हालसम्म त्यसको प्रक्रिया पूरा हुन सकेको छैन। कार्ययोजना अभावले संरक्षण गतिविधि, बजेट व्यवस्थापन, समुदायको संलग्नता तथा दीर्घकालीन रणनीतिक कार्यान्वयनमा प्रत्यक्ष असर परेको देखिन्छ। यसले वन संरक्षण क्षेत्रको प्रभावकारिता घटाउँदै लैजानुका साथै सम्बन्धित निकायबीचको समन्वय र उत्तरदायित्वबारे समेत प्रश्न उठाएको छ।

देशको करिब ४६ प्रतिशतभन्दा बढी भू-भाग वनले ढाकिएको अवस्थामा यसको संरक्षण, समुचित उपयोग र दिगो व्यवस्थापन राष्ट्रिय प्राथमिकताको विषय बनेको छ। वन ऐन २०७६ मा विभिन्न खालका वन व्यवस्थापन पद्धतिहरूमध्ये वन संरक्षण क्षेत्र एक महत्वपूर्ण संरचनात्मक उपायका रूपमा रहेको छ। नेपालको वन क्षेत्र जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम राख्ने तथा स्थानीय समुदायको जीविकोपार्जन सुनिश्चित गर्ने दृष्टिले अत्यन्त महत्वपूर्ण आधारका रूपमा रहेको छ।

**कानुन छन्, तर कार्यान्वयनमा अन्योल**

सङ्घीय र सुदूरपश्चिम प्रदेशको वन ऐन तथा नियमावलीमा वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि दोहोरो जिम्मेवारीसहितको छुट्टाछुट्टै विवादित प्रावधानहरू रहेका छन्। सङ्घीय वन नियमावली, २०७९ अनुसार वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराई त्यस्तो कार्ययोजना डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ तर सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ ले भने फरक प्रक्रिया तोकेको छ।

उक्त नियमावलीअनुसार डिभिजन वन कार्यालयले कार्ययोजना तयार गर्ने, त्यसलाई वन निर्देशनालयको सिफारिसमा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरी डिभिजनल वन अधिकृतले कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। एउटै विषयमा सङ्घीय र प्रदेश कानुनमा फरक-फरक व्यवस्था हुँदा कार्ययोजना निर्माण र स्वीकृतिमा अन्योलता उत्पन्न भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या बताउँछन्। उनका अनुसार बसन्ता वन संरक्षण क्षेत्रको प्रारम्भिक कार्ययोजना वन विभागले तयार गरी स्वीकृत गरेको थियो। "पहिलेको कार्ययोजना वन विभागले बनाएको हो, अहिले नयाँ कानुनी व्यवस्था आएपछि कसले बनाउने भन्ने अन्योल छ", उनले भने।

**कार्ययोजना ढिलाइले वन संरक्षण प्रभावित**

वन संरक्षण क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि कार्ययोजनाले संरक्षणका गतिविधि, बजेट, जनशक्ति परिचालन र कार्यान्वयनको ढाँचा तय गर्छ तर कैलालीको वसन्ता वन संरक्षण क्षेत्र र कञ्चनपुरस्थित लालझाडी-मोहना वन संरक्षण क्षेत्रको कार्ययोजना नवीकरण हुन सकेको छैन। सङ्घीय सरकारले घोषणा गरेका संरक्षित वन क्षेत्र कार्ययोजना अभावमा प्रभावहीन बन्दै गएका छन्।

डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशी आगामी आर्थिक वर्षमा कार्ययोजना नवीकरण गर्ने तयारी भइरहेको बताउँछन्। वन संरक्षण क्षेत्र सञ्चालनका लागि आवश्यक बजेटको अभाव अर्को ठूलो समस्या बनेको छ। लालझाडी-मोहना वन संरक्षण क्षेत्रका सदस्य सचिव तथा वरिष्ठ वन अधिकृत भरत शाहका अनुसार चालु आर्थिक वर्षमा यस क्षेत्रका लागि बजेट नै विनियोजन भएन।

कार्ययोजनाअन्तर्गत वन गस्ती, जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण, जनचेतना कार्यक्रम र समुदायको सहभागिता अभिवृद्धि गर्ने गतिविधि सञ्चालन गर्नुपर्ने भए पनि बजेट अभावले ती काम नियमित रूपमा गर्न कठिन भइरहेको छ। "संरक्षण क्षेत्र नाममै सीमित जस्तो भएको छ शाह उनी भन्छन, "हामीले गर्नुपर्ने संरक्षणका नियमित गतिविधिहरु सञ्चालन गरिरहेका छौं।"

चालु आवमा सङ्घीय सरकारले कैलालीको वसन्ता वन संरक्षणका लागि रु ३५ लाख मात्रै बजेट विनियोजन गरेको छ। उक्त बजेट कर्मचारी व्यवस्थापनमै सीमित हुँदा वन संरक्षण, जैविक विविधता संरक्षण र जीविकोपार्जनसँग सम्बन्धित कार्यक्रम सञ्चालन हुन सकेका छैनन्।

वन संरक्षण क्षेत्र परिषद्ले भने विभिन्न सरोकारवालासँग सहकार्य गर्दै संरक्षणका गतिविधिहरु अघि बढाइरहेको वसन्ता वन परिषद्का अध्यक्ष पुष्कल बहादुर बम बताउँछन्। उनका अनुसार समुदायको सहभागिता बढाउने, जनचेतना फैलाउने र वन्यजन्तु संरक्षणमा ध्यान दिने काम भइरहेको छ।

कार्ययोजना निर्माणका लागि 'जल, जङ्गल र जमिन' परियोजनासँग समन्वय भइरहेको थियो। तर, परियोजना समाप्त भएपछि कार्ययोजना निर्माणको काम बीचमै अलपत्र परेको वसन्ता वन परिषद्का अध्यक्ष बम बताउँछन्। "परिषद्लाई अझ प्रभावकारी बनाउन कार्ययोजना छिटो स्वीकृत हुन आवश्यक रहेको उनको भनाइ छ।

वन संरक्षण क्षेत्रहरूको कार्ययोजना निर्माण तथा नवीकरणमा ढिलाइ हुँदा संरक्षणका गतिविधि प्रभावकारी हुन नसकेको प्रदेश वन निर्देशक हेमराज विष्ट बताउँछन्। उनले लालझाडी-मोहनाको कार्ययोजना नवीकरणका लागि अन्तर्राष्ट्रिय साझेदारको आर्थिक सहयोगमा तयारी, सरोकारवालासँग प्रस्तुतीकरण र आवश्यक प्रक्रिया पूरा गरिए पनि अझै स्वीकृतिको अन्तिम चरणमै रहेको जानकारी दिए।

त्यस्तै वसन्ता क्षेत्रको कार्ययोजना पनि तयार भई केन्द्रमा पठाइएपछि स्वीकृतिबारे स्पष्ट जानकारी नआएको उनको भनाइ छ। सङ्घीय र प्रदेश तहबिच स्वीकृतिको अधिकार कसले प्रयोग गर्ने भन्ने विषयमा रहेको अन्योलले पनि प्रक्रिया लम्बिएको उनले उल्लेख गरे। निर्देशक विष्टका अनुसार कार्ययोजना स्वीकृत नहुँदा आवश्यक बजेट, कार्यक्रम र जनशक्ति अभावका कारण उद्देश्यअनुसार वन संरक्षण क्षेत्रको व्यवस्थापन हुन सकेको छैन।

स्थानीय समुदायको सहभागिता कमजोर हुनु पनि अर्को चुनौतीका रूपमा देखिएको निर्देशक बिष्टले बताए। वन संरक्षण क्षेत्र सरकारको मात्र हो भन्ने बुझाइका कारण स्थानीयले चासो नदिँदा सामुदायिक वनमा बढी दबाब पर्ने र संरक्षण क्षेत्रभित्र अपेक्षित संरक्षण नहुने अवस्था सिर्जना भएको उनको भनाइ छ। उनी भन्छन, वन संरक्षण क्षेत्र घोषणा गर्नुको उद्देश्य जैविक विविधता संरक्षण, पारिस्थितिक सन्तुलन कायम र पर्या-पर्यटन प्रवर्द्धन भए पनि आवश्यक स्रोत-साधन र कार्यक्रम नहुँदा लक्ष्य हासिल हुन सकेको छैन।

वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि संरक्षण परिषद् गठन गरी विभिन्न निकाय र समुदायलाई समेट्ने प्रयास भए पनि कार्ययोजना र बजेट अभावका कारण परिषद् प्रभावकारी बन्न सकेको छैन। वन संरक्षण क्षेत्र व्यवस्थापनमा देखिएका समस्या समाधानका लागि सबैभन्दा पहिले कार्ययोजनाको शीघ्र स्वीकृति आवश्यक रहेको निर्देशक विष्टले जोड दिए। सङ्घ र प्रदेशबीचको अधिकार स्पष्ट गर्दै निर्णय प्रक्रिया छिटो बनाउनुपर्ने आवश्यकता उनले औँल्याए।

**संरक्षणमा ग्रामीण सहजकर्ता**

वन संरक्षण क्षेत्रमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न ग्रामीण सहजकर्तालाई परिचालन गरिएको छ। वसन्ता वन संरक्षण क्षेत्रमा हाल सात जना ग्रामीण सहजकर्ता कार्यरत छन्, जसले समुदायसँग प्रत्यक्ष रूपमा जोडिएर संरक्षणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गरिरहेका छन्।

उनीहरूले गाउँगाउँमा पुगेर वनको महत्व, जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जानकारी दिने, छलफल गर्ने तथा स्थानीयलाई सहभागितामूलक कार्यक्रमतर्फ आकर्षित गर्ने जिम्मेवारी निर्वाह गरिरहेका छन्।

वसन्ताअन्तर्गत सुखड सब-डिभिजन वन कार्यालयमा कार्यरत ग्रामीण सहजकर्ता ज्ञानु चौधरीले समुदायसँग प्रत्यक्ष जोडिएर काम गरिरहनुभएको छ। उनी भन्छन, "मानिस विस्तारै संरक्षणमा सहभागी हुन थालेका छन्।" थारू गायक मनीराम चौधरी ग्रामीण सहजकर्ताका रूपमा आबद्ध भई उदासीपुर सब-डिभिजन वन कार्यालयअन्तर्गत कार्यरत हुन। उनी विभिन्न सचेतनामूलक कार्यक्रमहरूमा सहभागी भई संरक्षणसम्बन्धी सन्देश गीतमार्फत प्रस्तुत गर्नुहुन्छ। स्थानीय भाषामा गाइने यस्ता गीतहरूले समुदायमा छिटो प्रभाव पार्ने र सन्देशलाई सहज रूपमा बुझ्न सहयोग पुग्ने भएकाले गीतमार्फत पनि संरक्षणका क्रियाकलाप गरिरहेको उहाँ बताउँछन्।

ग्रामीण सहजकर्ता महेश चौधरीका अनुसार वन संरक्षण कार्यक्रमले स्थानीय बासिन्दामा सकारात्मक परिवर्तन ल्याउन थालेको छ। उनका अनुसार समुदायमा वन संरक्षणप्रति चासो बढ्दो छ र अवैध दोहन तथा वनमा हुने क्षतिमा पनि केही कमी आएको अनुभव गरिएको छ। संरक्षणलाई अझ प्रभावकारी बनाउन स्थानीय समुदायलाई जोड्ने गरी कार्यक्रम ल्याउनुपर्नेमा उनको जोड छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | ९८२२४११५८६ |
| शव वाहन | ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | ०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | ०८७-६८००८० |
| डोल्पा | ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | ०८८-४०१०४८ |
| नेपालगन्ज | ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | १०१ |
| भेरीगंगा न.पा. | ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – काममा केही चुनौतीहरू देखिनेछन् र सोचेको फाइदा उठाउन मुस्किल पर्नेछ। वैधानिक प्रावधानले पनि लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ।

**वृष** – अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। छोटो समयमा फाइदा लिन सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**मिथुन** – आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। हल्लाको भरमा अरूको विश्वास गर्दा धोका हुन सक्छ।

**कर्कट** – आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ। सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन्।

**सिंह** – अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। चिताएको काम सम्पादन हुनेछ। पहिलेका कमजोरीलाई सुधार्ने मौका छ।

**कन्या** – रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**तुला** – केही पाउन केही वस्तु त्याग्नुपर्ला। यात्रा तथा भ्रमणका लागि प्रयत्न गर्ने समय छ। टाढाका साथीभाइले काममा साथ दिनेछन्।

**वृश्चिक** – आम्दानीका स्रोत भेटिए पनि धेरै फाइदा उठाउन नसकिएला। केही रकम हातलागी भए पनि तत्काल खर्चनुपर्ने स्थिति आउन सक्छ।

**धनु** – सबैलाई समेटेर काम लिन नसक्दा पछि परिनेछ। समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ। ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन्।

**मकर** – काम थाल्ने र पछिका लागि सम्भावना खोजी गर्ने समय छ। मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ।

**कुम्भ** – स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। सोचेको समयमा काम नबन्न सक्छ।

**मीन** – परिस्थितिवश यात्रा गर्नुपर्ला। भेटघाटमा अलमल हुनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ।

# कर्णाली प्रदेशसभाको सचिवमा डा खड्का

**युग संवाददाता**
**सुर्खेत, १६ चैत ।**

कर्णाली प्रदेशसभाको सचिवमा डा अर्जुनकुमार खड्का नियुक्त भएका छन् । कर्णाली प्रदेशसभाका सभामुख नन्दा गुरुङले मङ्गलबार डा खड्कालाई प्रदेशसभा सचिवमा नियुक्त गरिएको छ । नवनियुक्त प्रदेशसभा सचिव खड्काले मङ्गलबार नै पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेका छन् ।

खड्का सिद्धिचरण नगरपालिका-९ ओखलढुङ्गा जिल्लाका स्थायी निवासी हुन । सङ्घीय संसद सचिवालयमा पाँच वर्ष कानुन सहसचिवको रुपमा काम गरेका खड्कासँग कानुन र न्यायको क्षेत्रमा ४० वर्ष काम गरेको अनुभव छ ।

संविधान निर्माणका क्रममा सविधानको मस्यौदा समितिमा रहेर काम गरेका उनले विसं २०७४ सालमा कर्णाली प्रदेशसभाको पहिलो अधिवेशन सञ्चालनका क्रममा प्रदेशसभा बैठक सञ्चालनमा सहजीकरण गरेका थिए ।

# बेलौरीमा हाटबजार पुनः सञ्चालन

**युग संवाददाता**
**कञ्चनपुर, १६ वैशाख ।**

यहाँको बेलौरी नगरपालिका-६ खुलामञ्च छेउमा तीन वर्षदेखि बन्द अवस्थामा रहेको हाटबजार पुनः सञ्चालनमा ल्याउने तयारी गरिएको छ । आवश्यक भौतिक संरचना निर्माण तथा मर्मत गरी नयाँ व्यवस्थापनका साथ हाटबजार सञ्चालन गर्न लागिएको हो ।

नगर उपप्रमुख जोगराम चौधरीका अनुसार हाटबजार सञ्चालनका लागि आवश्यक पूर्वाधार सुधारको काम तीव्र रूपमा अघि बढाइएको छ । "हाटबजारस्थलमा १२ नयाँ प्रदर्शनी कक्ष निर्माण गरिएका छन्, पुराना ११ प्रदर्शनी कक्ष मर्मत गरिएका छन्", उनले भने, "शौचालय सरसफाइ गरी प्रयोगयोग्य बनाइएको छ भने हाटबजार परिसरमा सरसफाइ र रङरोगनको काम पनि सम्पन्न गरिएको छ ।"

हाटबजारको भौतिक संरचना सुधार, नयाँ निर्माण तथा व्यवस्थापनका लागि नगरपालिकाले रु आठ लाख ५० हजार बजेट विनियोजन गरेको थियो भने स्थानीयको जनश्रमदानबाट रु एक लाख १० हजार १५७ बराबरको योगदान जुटाइएको थियो । कुल रु नौ लाख ६० हजार १५० को लागतमा उपभोक्ता समितिमार्फत निर्माण तथा मर्मत सम्पन्न गरिएको हो ।

उपप्रमुख चौधरीका अनुसार हाटबजार एक हप्ताभित्रै सञ्चालनमा ल्याइने तयारी भइरहेको छ । "हाटबजार सञ्चालन भएपछि बेलौरी बजार क्षेत्रका १० हजारभन्दा बढी किसान प्रत्यक्ष लाभान्वित हुनेछन्", उनले भने । तीन वर्षअघि प्रभावकारी व्यवस्थापन अभावका कारण बन्द भएको हाटबजारलाई यसपटक व्यवस्थित रूपमा सञ्चालन गर्ने लक्ष्य लिइएको छ । नयाँ व्यवस्थापनसँगै दिगो रूपमा सञ्चालन गर्ने योजना बनाएको चौधरीले बताए । हालसम्म बजार अभावका कारण स्थानीय किसानले आफ्ना उत्पादन टोकरीमा बोकेर गाउँगाउँ डुल्दै बिक्री गर्नुपर्ने बाध्यता थियो । हाटबजार सञ्चालनमा आएपछि यो समस्या हट्ने विश्वास गरिएको छ । किसानले एउटै स्थानमा आफ्ना कृषि उपज बिक्री गर्न पाउने भएपछि समय, श्रम र लागतमा कमी आउनेछ भने आम्दानीमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ ।

"हाटबजार सञ्चालनले स्थानीय उत्पादनको बजारीकरणलाई प्रोत्साहन गर्नेछ", स्थानीय किसान लवकुश चौधरीले भने, "तरकारी, फलफूल, माछा, मासुलगायत कृषि तथा पशुपन्छीजन्य उत्पादन सहज रूपमा बिक्रीवितरण हुने भएपछि स्थानीय अर्थतन्त्र चलायमान हुने देखिएको छ ।" यससँगै भारतीय सीमावर्ती बजारमा किनमेल गर्न जाने प्रवृत्तिमा समेत कमी आउने अपेक्षा गरिएको छ । आवश्यक वस्तु आफ्नै क्षेत्रमा उपलब्ध हुने भएपछि स्थानीय बासिन्दाले बाहिरी बजारमा निर्भर रहनु नपर्ने नगरपालिकाको विश्वास छ ।

बेलौरी नगरपालिकाभित्र यसअघि कलकत्ता, गोकुलपुर र बेलौरीमा हाटबजार सञ्चालनमा रहेका थिए । तीमध्ये हाल कलकत्ताको हाटबजारमात्र सञ्चालनमा रहेको छ भने गोकुलपुर र बेलौरीका हाटबजार बन्द अवस्थामा थिए । अब नगरपालिकाले ती बन्द हाटबजारलाई पुनः सञ्चालनमा ल्याएर किसानलाई सहजता प्रदान गर्ने योजना अघि बढाएको छ ।

## लगानी...

सन्तुलन तथा अन्तरपुस्ता समन्वय सुनिश्चित गर्न विद्युत उत्पादन कम्पनी लिमिटेडको शेयर स्वामित्व ४९ प्रतिशत र भारतीय सरकारी कम्पनी (एनएचपीसी) लिमिटेडको शेयर स्वामित्व ५१ प्रतिशत रहने उल्लेख छ ।

दुई देशको लगानीको आयोजना भएकाले समझदारी पत्रमा आयोजनाबाट आएको लाभ बाँडफाँडको विषय पनि समावेश छ । जसको धारा ५.१ मा भनिएको छ, 'संयूक्त लगानीको आयोजनाबाट मासिक रूपमा उत्पादन हुने बिजुली र ऊर्जाको २१.९ प्रतिशत उपलब्ध गराउनेछ ।' समझदारी पत्रको यही विषय अदालत पुगेको थियो । सर्वोच्चको यो आदेशसँगै कानुनी झमेलाबाट आयोजना मुक्त बनेको थियो ।

निर्माण चरणमा प्रवेश गरिसकेको आयोजना सर्वोच्चमा परेको रिटकै कारण अघि बढ्न सकेको थिएन । नेपालले निर्माणको तयारीसमेत गरिसकेको कम लागत र उच्च प्रतिफलको आयोजनाबाट २१ प्रतिशत मात्रै विजुली प्राप्त गर्नेगरी भएको सम्झौता नेपाल र नेपालीको हितमा नहुने भन्दै कालीकोटको रास्कोट नगरपालिकाका यशुदाकुमारी बराल र अजयबहादुर शाहीले सर्वोच्चमा रिट दायर गरेका थिए । बराल र शाहीले स्थानीय बासिन्दाको हैसियतले सार्वजनिक सरोकारको विषयका रुपमा राष्ट्रिय हितविपरितको सम्झौता बदर गर्न माग गरेका थिए ।

उक्त रिट निवेदनमा सुनुवाइ गर्दै न्यायाधीशद्वय हरिप्रसाद फुयाल र शारङ्गा सुवेदीको इजलासले सम्झौता बदरको माग अस्वीकार गरेको छ भने सम्झौतालाई नेपालको हित हुने गरी संशोधन गर्न निर्देशनात्मक आदेश दिएको छ । सम्झौतालाई राष्ट्रिय हितलाई ध्यानमा राखेर संशोधन गर्न सरकार, विद्युत् प्राधिकरण, संयुक्त कम्पनीसहितका निकायलाई समझदारी पत्रको धारा ५ संशोधन गर्न सर्वोच्चले भनेको छ ।

सर्वोच्चले फैसलामा भनेको छ, 'सम्झौता पत्रका आधारमा नेपालले निर्माणको तयारीसमेत गरिसकेको उच्च प्रतिफलयुक्त आयोजनाबाट केवल २१.९ प्रतिशत बिजुली मात्र प्राप्त गर्ने सम्झौतामा पुनः समझदारी गरी नेपाल सरकारको लगानीसमेतलाई ध्यानमा राखेर लगानीको अनुपातमा समन्वय हुने गरी निःशुल्क प्राप्त हुने अनुपातमा यथासम्भव वृद्धि गर्न समझदारीपत्रमा आवश्यक संशोधनको व्यवस्था मिलाई कार्यान्वयन गर्नु ।'

संयुक्त लगानी कम्पनीको शेयर संरचनामा विदेशी पक्षको न्यूनतम ५१ प्रतिशत स्वामित्वको सन्दर्भमा सर्वोच्चले नेपाल कानून सापेक्ष विदेशी कम्पनीसँगको संयुक्त उपक्रमको दर्ता नियमन कम्पनी व्यवस्थापनमा नेपालको कानूनी व्यवस्थाको पालना गरी आयोजना कार्यान्वयन गर्न भनेको छ ।

त्यस्तै, समझदारी पत्रको कार्यान्वयन गर्दा आयोजना विकासको लागि गरिने वातावरणीय प्रभाव मूल्याङ्कनलाई वस्तुनिष्ठ, पारदर्शी र जवाफदेही बनाई जलश्रोत ऐन, वातावरण संरक्षण ऐन बमोजिम जलसम्पदाको उपयोग र संरक्षण तथा वातावरणीय प्रभाव न्यूनीकरण, स्थानीय लाभ वितरण, पुनस्थापना तथा क्षतिपूर्तिसमेतको सुनिश्चितता गर्न सर्वोच्चको फैसलामा भनिएको छ ।

साथै, आयोजना कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदायको लागि प्राप्त प्रतिफलको समन्यायिक वितरण साथै स्थानिय हकहित र सरोकार सम्बन्धी उचित मागको सम्बोधनसमेत हुने गरी आयोजना संचालन गर्न सर्वोच्चले भनेको छ । आयोजना निर्माणका लागि निर्धारण गरिएको १८ महिनाको कार्यतालिका समेत संशोधन गर्न यस्तै, सर्वोच्चले भनेको छ ।

त्यस्तै, आयोजना निर्माणका लागि सम्झौता भएको १७ जेठ २०८० बाट रिट दायर भएको १३ मंसिर २०८० सम्मको अवधि घटाइ फैसला सार्वजनिक भएको १२ महिनाभित्र आयोजना सम्पन्न गर्न सर्वोच्चको निर्देशनात्मक आदेशमा भनिएको छ ।

सस्तो लागत, उच्च प्रतिफल

फुकोट कर्णाली जल विद्युत् आयोजना नेपालमा कार्यान्वयन भइरहेका मध्ये सबैभन्दा लागत सस्तो र उच्च प्रतिफल लिन सकिने आयोजना हो । कुल ९२ अर्ब लागत रहेको आयोजनामा प्रति मेगावट १९ करोड १६ लाख पर्ने जनाइएको छ ।

फुकोट कर्णाली जलविद्युत आयोजना कर्णाली प्रदेशको कालीकोट जिल्लाको रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, खाँडाचक्र नगरपालिका, पचाल झरना गाउँपालिकामा अवस्थित छ । कर्णाली नदीमा निर्माण हुने यो आयोजनाको ग्रस हेड १६८.६२ मीटर तथा डिजाइन डिस्चार्ज ३४८ घन मिटर प्रति सेकेण्ड छ । आयोजनाबाट औसत वार्षिक २४४.८ करोड युनिट बिजुली उत्पादन हुने जनाइएको छ ।

आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि सुख्खा याममा दैनिक ६ घण्टा पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न सकिन्छ । आयोजनाबाट उत्पादित विद्युत ४०० केभि डबल सर्किट प्रसारण लाइनमार्फत विद्युतको राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने आयोजनाको लक्ष्य छ । हालसम्म आयोजनाको विस्तृत सम्भाव्यता/इन्जिनियरिङ अध्ययन प्रतिवेदन तयार भइसकेको छ ।

विद्युतगृह तथा बाँधस्थलमा ६१० मिटर टेस्ट अडिट टनेल निर्माण सम्पन्न भएको छ भने आयोजनास्थलसम्म पहुँचमार्ग तथा कर्मचारी आवास गृह र कार्यालय भवन निर्माण कार्य जारी छ । आयोजना कार्यान्वयन गर्दा डुबान पर्ने क्षेत्रमा झण्डै ८२२ रोपनी जग्गा कम्पनीको नाममा आइसकेको छ । यस्तै, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि विद्युत विकास विभागमा पेश भइसकेको आयोजनाले जनाएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय**
मेहेलकुना, सुर्खेत

**३५ दिने सार्वजनिक सूचना तथा हकदारको नाँउको सूचना**

**मिति : २०८३/०१/१६**

सिम्ता गा.पा.वडा नं. ०६ सुर्खेत बस्ने नारायण सापकोटा समेतले हाम्रो बाबु/ससुरा/बाजे रुपलाल खत्रीका नाँउमा जग्गा दर्ता भएको र निज मिति २०४१/०४/०७ मा आफ्नै कालगतिले मृत्यु भएको हुँदा मृतक ज.ध. रुपलाल खत्रीको नामको जग्गामा हकलाग्ने हकवाला हकदार हामी छोराहरु/बुहारीहरु/नातीहरु खड्क बहादुर खत्री, नारायण सापकोटा, दुर्पता खत्री, रुपा सापकोटा, मुङ्गी बुढा, दिपक सापकोटा र राम प्रसाद सापकोटा भएकाले हाम्रो नाँउमा साझा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारीको मिति २०८३/०१/१६ मा निवेदन भएको हुँदा यस कार्यालयबाट कार्वाही हुँदा यस कार्यालयको मिति २०८३/०१/१६ गतेको आदेश अनुसार यो ३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ । मृतक ज.ध. रुपलाल खत्रीको नामको तपशिलको जग्गामा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदकको नाममा साझा नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध.को नामथर |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | राकम | १ ख | ३० | ९५.३७ व.मी. | ज.ध.:-रुपलाल खत्री<br>बाबु-:- दिल बहादुर<br>बाजेको नाम - दशरथ |
| | | | | ५१ | ७५९.१ व.मी. | |
| | | | ४क | २३ | १३३५.३८ व.मी. | |
| | | | | २५ | ५९४.१९ व.मी. | |
| | | | | ४५ | ७०९.४२ व.मी. | |
| | | | | ५४ | २९५८.९६ व.मी. | |
| | | | | ६० | ११००.९४ व.मी. | |
| | | | | २९२ | ४१९.२४ व.मी. | |
| | | | | २९४ | १६५५.३७ व.मी. | |
| | | तामागाकडा | १छ | ४६ | २४२०.४२ व.मी. | |
| | | | | ३३ | २६९४.७१ व.मी. | |
| | | | | ५० | ४०१.३६ व.मी. | |
| | | बजेडीचौर | ७ख | ३८ | ६९५.५२ व.मी. | |

पुनश्चः-माथि उल्लेखित ज.ध.को मिति २०४१/०४/०७ मा आफ्नै कालगतिले मृत्यु भएको र निज मृतक रुपलाल खत्रीको एकमात्र पत्नी बाल कुमारी खत्री भएको र निजको समेत मिति २०६३/१०/२७ मा आफ्नै कालगतिले मृत्यु भएको र ज.ध. मृतक रुपलाल खत्री र निजको एकमात्र पन्नी मृतक बाल कुमारी खत्री बाट जायजन्म भएका छोराहरु याम बहादुर खत्री, खड्क बहादुर खत्री, पृथ्वी राज सापकोटा, गजेन्द्र सापकोटा पहाडी, नारायण सापकोटा र छोरीहरु उमा कुमारी विष्ट, उर्मिला विष्ट र कमला शाही मात्र हुन । तीन वटै छोरीहरुको सामाजिक परम्परा अनुसार विवाह भइ अन्यन्त्र गैसकेका छन् । मृतक ज.ध. रुपलाल खत्री र निजको एकमात्र पत्नी बाल कुमारी खत्री बाट जायजन्म भएका जेठो छोरा याम बहादुर खत्रीको समेत मिति २०४४/०६/२५ मा मृत्यु भएको र निजको एकमात्र पन्नी दुर्पता खत्री हुन। साइलो छोरा पृथ्वीराज सापकोटा खत्री समेतको मिति २०७८/०३/०७ मा मृत्यु भएको र निज मृतक पृथ्वीराज सापकोटा खत्रीको दुईमात्र पत्नी उज्जल कुमारी सापकोटा र मुङ्गी बुढा हुन । निज मृतक पृथ्वीराज सापकोटा खत्री र निजको जेठी पत्नी उज्जल कुमारी सापकोटा को समेत मिति २०५०/१२/२५ मा मृत्यु भएको र निज पृथ्वीराज सापकोटा खत्री र निजको जेठी पत्नी मृतक उज्जल कुमारी सापकोटा बाट जायजन्म भएका २ छोराहरु दिपक सापकोटा र राम प्रसाद सापकोटा मात्र हुन । काइलो छोरा गजेन्द्र सापकोटा पहाडीको समेत मिति २०६६/०८/१० मा मृत्यु भएको निज मृतक राजेन्द्र सापकोटा पहाडीको एकमात्र पत्नी रुपा सापकोटा हुन । मृतक रुपलाल खत्रीको नामको जग्गामा हकलाग्ने सवैभन्दा नजिकको हकवाला हकदार छोराहरु/बुहारीहरु/नातीहरु खड्क बहादुर खत्री, नारायण सापकोटा, दुर्पता खत्री, रुपा सापकोटा, मुङ्गी बुढा, दिपक सापकोटा र राम प्रसाद सापकोटा बाहेक अन्य कुनै अंसियार नभएकाले । असियारहरु मध्ये सबैभन्दा नजिकका अंसियार हकदारहरु छोराहरु/बुहारीहरु/नातीहरु खड्क बहादुर खत्री, नारायण सापकोटा, दुर्पता खत्री, रुपा सापकोटा, मुङ्गी बुढा, दिपक सापकोटा र राम प्रसाद सापकोटाका नाममा माथि उल्लेखित जग्गा साझा नामसारी गरिदिने भनी सिम्ता गा.पा.वडा नं. ०६ बाट वडा सर्जमिन मुचुल्का र ०४, ०६ र ०७सिफारिस प्राप्त भएको। साथै ज.ध. मृतक रुपलाल खत्रीको मृत्युदर्ता प्रमाण-पत्रमा नामथर रुपलाल खत्री सापकोटा र जग्गाधनि पुर्जामा रुपलाल खत्री भइ नामथर फरक-फरक भएको र ज.ध. मृतकको साविक बजेडीचौर गा.वि.स.को जग्गा धनि पुर्जामा बाबुको नामथर डिल बहादुर, साविक तामागाकडा गा.वि.स.को जग्गा धनि पुर्जामा बाबुको नामथर दिल बहादुर र साविक राकम गा.वि.स.को जग्गा धनि पुर्जामा बाबुको नामथर दिल्ली बहादुर उल्लेख भई फरक-फरक कागजातमा फरक-फरक नामथर हुनुका साथै जग्गा धनी पुर्जा श्रेष्तामा ना.प्र.प.नं. जारी मिति समेत उल्लेख नभएको ।



**लेकवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कल्याण-६ , सुर्खेत .
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :- २०८३/०१/१७ गते**

यस कार्यालयको चालु आ.व. ०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गततपसिल बमोजिमका खरिद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त फर्महरुले रितपूर्वकको सिलबन्दी दरभाउपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचनाप्रकाशित गरिएको छ । साथै यससँग सम्बन्धित विस्तृत सूचना Website:www.bolpatra.gov.np, हेर्नुहुन जानकारी गराईन्छ ।

**तपसिल**

| सि. नं. | सूचना नं./ठेक्का नं. | कामको विवरण | जम्मा रकम भ्याट पि.एस. बाहेक | जमानत रकम | दस्तुर (रु.) | फारम पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | SQ/GOODS/ LM/10/082-083 | Supply and delivery of sanitary pads to lekbeshi municipality | 1092240.00 | 31000 | 1000 | 2083/02/01 | |
| २ | SQ/WORKS/ LM/11/082-083(RE) | construction and upgrading of different road work in ward no 04 | 1459266.69 | 43000 | 1000 | 2083/02/01 | दोस्रो पटक आव्हान |
| ३ | SQ/WORKS/ LM/10/082-083(RE) | Neta kalleri Dhaneri Road construction and upgrading | 1270287.75 | 35000 | 1000 | 2083/02/01 | दोस्रो पटक आव्हान |
| ४ | SQ/WORKS/ LM/12/082-083(RE) | Lekbeshi ward no 05 ko bivinaasadak cutting garnekarye | 842810.25 | 25000 | 1000 | 2083/02/01 | दोस्रो पटक आव्हान |

**प्रमुख प्रशासकीय अधिकृत**



**सुन्दर नेपाल संस्था**
**पोषण परियोजना**
वीरेन्द्रनगर-०८, सुर्खेत

**शिलबन्दी दरभाउपत्र मागको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।१७)

सुन्दर नेपाल संस्था (BNA), सामुदायिक विकासमा क्रियाशील एक मुनाफारहित गैह्र सरकारी संस्था हो । CARE Nepal, iDE Nepal को संयुक्त साझेदारीमा सुन्दर नेपाल संस्थाको सहजीकरणमा संचालित पोषण परीयोजना सुर्खेत जिल्लाको ५ वटा पालिका (वीरेन्द्रनगर, वराहताल, लेकवेशी, गुर्भाकोट र भेरीगंगा)मा संचालन भएको छ । समुदायका १२५ वटा आमा समुहहरुमा बोट विरुवा तथा मल आपुर्तिगर्न इच्छुक आपूर्तिकर्ता मुल्य अभिबृद्धि कर (भ्याट वा प्यान)मा दर्ता भएका उत्पादक, अधिकृत बिक्रेता तथा वितरकहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र तपशिलको शर्तहरुको अधिनमा रहि आपूर्तिकर्ताले गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मिति र समयमा प्राप्त शिलबन्दी दरभाउपत्र लाई मात्र छनौट प्रक्रियामा समावेश गरिनेछ । म्याद नाघी आएका, रीत पुरा नभएका दरभाउपत्रलाई प्रक्रियामा समावेश गरिनेछैन । शिलबन्दी दरभाउपत्रमा उल्लेखित समामग्रीहरु आंशिक रुपमा पनि खरिद गर्न सकिने छ ।

**शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्रको फारम सुन्दर नेपाल संस्थाको कार्यालयबाट वा संस्थाको वेवसाइट www.sundernepal.org.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।
२. शिलबन्दी दरभाउपत्र फारमका साथ उधोग रफर्म दर्ताको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र चालु आ.व.को कर चुक्ता वा म्याद थप, बिउ बजिन गुणस्तर नियन्त्रण केन्द्र दर्ता प्रमाण पत्र पेश गरी शिलबन्दी दरभाउपत्र खाम बाहिर दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिबार्य हुनुपर्नेछ ।
३. शिलबन्दी दरभाउपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ, अन्यथा उक्त दरभाउपत्र दर्ता गर्न संस्था बाध्ये हुने छैन ।
४. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम मितिको पहिलो दिन १ बजे सुन्दर नेपाल संस्थाका प्रतिनिधिहरु र दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थितिमा यस सुन्दर नेपाल संस्था को कार्यालयमा दरभाउपत्र खोलिनेछ । यदि दरभाउपत्र दाता स्वंयम वा निजको प्रतिनिधिको उपस्थिति हुन नसकेको खन्डमा पनि दरभाउपत्र खोलिनेछ । तर सो दिन सार्बजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउपत्र खोलिने छ ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा नगर्ने अधिकार सुन्दर नेपाल संस्थामा निहित हुनेछ ।
६. यस बाहेक थपजानकारी आबश्यक परेमा तल उल्लेखित कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।
७. सामाग्रीहरुको मापदण्ड तथा गुणस्तर चेकजांच गरेपछि मात्र भुक्तानी प्रक्रियामा बढाइने छ ।

**आवश्यक सामाग्रीहरु अनुमानित परिमाणमा :**

(क) मेवा-१४०० वटा
(ख) घिउ फल-१४०० वटा
(ग) शीतल चिनी-१४०० वटा
(घ) ट्राइको गडौले मल-१९६०० किलो

माथि उल्लेखित सामाग्रीहरु बोट विरुवा र मल मध्य व्यवसायिक आधारमा कुनै १ वा दुबैको कोटेशन हाल्न सकिनेछ ।

**अनुमानितमा १० प्रतिशत सम्म घटबड हुन सक्ने छ ।**

**फारम बुझाउने अन्तिम मिति** : २०८३।०१।२३ गते ५ बजेसम्म हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने ठेगाना/स्थान :**

सुन्दर नेपाल संस्थाको कार्यालय, आवास क्षेत्र सुर्खेत, फोन नं ०८३-५२०९२६, ०८३-५२३५३०

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# बालबालिकाको पाखुरा नाप्ने अभियान सुरु

**युग संवाददाता**
**काठमाडौँ, १६ वैशाख ।**
'समयमै पहिचान, सही उपचार-कुपोषणमुक्त पुस्ताको आधार' भन्ने मूल नाराका साथ १५ दिने राष्ट्रिय पोषण लेखाजोखा अभियान थालिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले छदेखि ५९ महिनासम्मका बालबालिकामा पोषण अवस्था लेखाजोखा गरी शीघ्र कुपोषण तथा मध्यम कुपोषण जोखिमको समयमै पहिचान र आवश्यक उपचार तथा सेवा सुनिश्चित गर्ने उद्देश्यले अभियान सुरु गरेको हो।

अभियानमार्फत स्थानीय तह, जिल्ला तथा प्रदेशस्तरमा कुपोषणको वास्तविक अवस्था पहिचान गर्दै उच्च, मध्यम तथा न्यून जोखिम भएका क्षेत्रको वर्गीकरण गरी लक्षित पोषण कार्यक्रम तर्जुमा गर्न आवश्यक आधार तयार गरिने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए। यही वैशाख १५ देखि प्रारम्भ भएको अभियान ७५३ वटै स्थानीय तहमा चल्नेछ। लेखाजोखा कार्य स्वास्थ्य संस्था तथा खोप केन्द्र, सामुदायिक क्लिनिक, वडा कार्यालय, सामुदायिक भवनहरू तथा प्रारम्भिक बाल विकास केन्द्रहरूमा सञ्चालन हुनेछन्।

त्यस क्रममा प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रभित्र रहेका लक्षित बालबालिकाको सङ्ख्या, आवश्यक स्वास्थ्यकर्मी टोली तथा सामग्रीको व्यवस्थापनसहित सुक्ष्म योजना तयार गर्नेछन्। अभियानसम्बन्धी जानकारी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, रेडियो तथा स्थानीय सञ्चारमाध्यममार्फत समुदायसम्म पुर्‍याइनेछ।

# भूमिहिन सुकुमवासीलाई आतंकित बनाइएकोप्रति बर्दियाका स्थानीय तहको आपत्ती

**युग संवाददाता**
**बर्दिया, १६ वैशाख ।**
बर्दियाका सबै स्थानीय तहले भूमिहिन सुकुमवासीलाई आतंकित नबनाउन आग्रह गरेका छन्। संयूक्त प्रेस विज्ञप्ती जारी गर्दै आठ पालिका प्रमुखहरुले अतिक्रमित वन क्षेत्र खाली गराउने नाममा आतंक नफैलाउन ध्यानाकर्षण गराएका हुन्।

लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालय अन्तर्गत डिभिजन वन कार्यालय, बर्दियाबाट बुधबार प्रकाशित अतिक्रमित वन क्षेत्र खाली गर्ने सम्बन्धी सूचनाप्रति आफुहरुको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। 'नेपालको संविधान, २०७२ को भाग ३ अन्तर्गत मौलिक हकमा समावेश धारा ३७ को उपधारा (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था गरेको छ।

उक्त संवैधानिक व्यवस्थाको प्रतिकूल हुने गरी प्रकाशित उक्त सार्वजनिक सूचनाले लामो समयदेखि वन क्षेत्रभित्र बसोबास गर्दै आएका नागरिकहरूको आवास अधिकारमाथि प्रत्यक्ष असर पर्ने देखिन्छ,' पालिकाद्वारा जारी संयूक्त विज्ञप्तीमा भनिएको छ।

जनताको सेवकका रूपमा स्थापित सरकारबाट जनताप्रति पूर्वाग्रहपूर्ण ढंगले अगाडि बढाइएका यस्ता कार्यहरू तत्काल रोक्न विज्ञप्तीमा माग गरिएको छ। बर्दिया जिल्लाभित्र रहेका सबै पालिकाहरूमा भूमिसम्बन्धी समस्या समाधानका लागि विभिन्न चरणमा कार्यहरू अघि बढिरहेको उल्लेख गर्दै यस कार्यलाई यथाशीघ्र निष्कर्षमा पुर्‍याई लामो समयदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएका नागरिकहरूको वास्तविक अवस्था पहिचान गर्न आवश्यक रहेको पालिकाहरुको जोड छ।

# कञ्चनपुरमा सिँचाइ क्षेत्र विस्तार भएसँगै गहुँ उत्पादनमा वृद्धि

**युग संवाददाता**
**कञ्चनपुर, १६ वैशाख ।**
गत वर्षको तुलनामा यस वर्ष कञ्चनपुरमा गहुँ उत्पादनमा वृद्धि भएको छ। कृषि ज्ञान केन्द्रका अनुसार यस वर्ष गहुँ उत्पादनमा २.१ प्रतिशतले वृद्धि भएको हो। कृषि ज्ञान केन्द्रका सूचना अधिकारी धर्मबहादुर साउदले यस वर्ष गत वर्षको तुलनामा गहुँको उत्पादकत्वमा वृद्धि भएको बताए।

"उन्नत जातको बीउबिजन र सिँचाइ सुविधाका कारण उत्पादनमा वृद्धि भएको हो", साउदले भने। , "यस वर्ष गहुँको उत्पादकत्व वृद्धि भएर ३.४ प्रतिहेक्टर पुगेको छ।" उनका अनुसार यस वर्ष ३१ हजार २१० हेक्टर क्षेत्रफलमा एक लाख छ हजार ११४ मेट्रिक टन गहुँ उत्पादन भएको छ। कृषि ज्ञान केन्द्रले किसानलाई सिँचाइ सुविधा उपलब्ध नभएको स्थानमा अनुदानमा सिचाँइ सुविधा उपलब्ध गराउँदै आएको छ।

"उन्नत बीउ, प्रविधिमा पहुँच र सिँचाइ क्षेत्र विस्तार भएका कारण गहुँको उत्पादकत्वमा वृद्धि भएको हो", उनले भने, "सहकारीमार्फत किसानलाई ५० प्रतिशत अनुदानमा उन्नत बीउ प्रदान गर्दै आएका छौं।" त्यसैगरी गहुँखेतीको समयमा किसानले समयमै रासायनिक मल उपलब्धताले पनि उत्पादनमा वृद्धि भएको उनको भनाइ छ।

# पूर्वाधार विकासमा गति लिँदै बेदकोट नगरपालिका

**युग संवाददाता**
**कञ्चनपुर, १६ वैशाख ।**
पछिल्ला केही वर्षयता बेदकोट नगरपालिकाले पूर्वाधार विकासमा उल्लेखनीय फड्को मारेको छ। पालिकाले बस्तीस्तरबाट माग भइआएका योजनालाई प्राथमिकतामा राखेर सडक, पुल, शिक्षा र खानेपानीलगायत संरचना निमार्णमा जोड दिएको नगरपालिकाका पूर्वाधार विकास शाखा प्रमुख इन्जिनियर पवन विष्टले जानकारी दिए।

उनका अनुसार गत आर्थिक वर्षमा पालिकाले ११ वटा पुल, ३३ वटा सडक र पाँचवटा खानेपानीका योजना सम्पन्न भएका छन्। "२६.५६ किलोमटर सडक निर्माण भएकामा ४.२६ किलोमिटर सडक कालोपत्र भएको छ", उनले भने, "वडास्तरबाट माग भएका योजनालाई प्राथमिकतामा राखेर पूर्वाधार विकासमा जोड दिएका छौं।"

त्यसैगरी, आर्थिक वर्ष २०८०/८१ मा पालिकाले ३६.७२ किलोमिटर सडक निर्माण गरेको छ। आव २०७९/८० मा २९ किलोमिटर सडक निर्माण भएको थियो। 'समृद्ध बेदकोट' निर्माण गर्ने दीर्घकालीन लक्ष्यसहित पूर्वाधारलाई विकासको मेरुदण्डका रुपमा अघि सारेको नगरपालिकाले जनाएको छ। ग्रामीण भेगसम्म सडक पहुँच विस्तार, कालोपत्र तथा ग्राभेल सडक निर्माण र ढल व्यवस्थापनजस्ता काम तीव्रगतिमा अघि बढाइएको पालिकाले जनाएको छ। पालिकाले ग्रमीण क्षेत्रसम्म सडक विस्तार गरेपछि सहज आवागमन हुँदा स्थानीय उत्पादनको बजार पहुँचमा पनि सुधार भएको स्थानीयवासी खुसी रानाले बताए।

"सडक कालोपत्र नभए पनि धेरै सडक ग्राभेलसम्म हुँदा किसानलाई सहज भएको छ", उनले भने, "यसअघि सडक नहुँदा हामीले उत्पादन गरेका तरकारी बजारसम्म पुर्‍याउन बाटोकै कारण देखाएर चर्को भाडा तिर्नुपर्ने बाध्यता थियो।" अहिले गाउँमा किसानले उत्पादन गरेका तरकारी, दूध र अन्य खाद्यान्न बिक्री गर्न सहज भएको उनको भनाइ छ।

## एलएलबी...

अवस्थामा छन्। तर केन्द्रको असहयोगले काम रोकिएको छ," उनले भने। क्याम्पसका पुर्व स्ववियु अध्यक्ष महेश हमालले कानुन शकाय अध्यापन गराउन पहिला देखिनै पहल थालेको बताए।

विद्यार्थीहरुका लागि तत्काल सुरु गर्न अनुरोध गरे। २०३० सालदेखि सञ्चालनमा रहेको क्याम्पसमा हाल शिक्षा र व्यवस्थापन संकाय मात्रै छन्। बढ्दो कानुन शिक्षाप्रतिको आकर्षण र स्थानीय तयारीका बीच त्रिवीको निर्णयले अब जुम्लामा उच्च शिक्षाको नयाँ अध्याय खुल्नेछ।

## सस्तो...

विस्तृत सम्भाव्यता/इन्जिनियरिङ अध्ययन प्रतिवेदन तयार भइसकेको छ।

विद्युतगृह तथा बाँधस्थलमा ६१० मिटर टेस्ट अडिट टनेल निर्माण सम्पन्न भएको छ भने आयोजनास्थलसम्म पहुँचमार्ग तथा कर्मचारी आवास गृह र कार्यालय भवन निर्माण कार्य जारी छ। आयोजना कार्यान्वयन गर्दा डुबान पर्ने क्षेत्रमा झण्डै ८२२ रोपनी जग्गा कम्पनीको नाममा आइसकेको छ। यस्तै, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि विद्युत विकास विभागमा पेश भइसकेको आयोजनाले जनाएको छ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सिता खड्का धनी रहेको, दर्ता नम्बर ८०१० बाट वीन.न.पा-०८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री राज परामर्स सेवा नामको प्राइभेट / साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## N.O.C लेटर हराएको सूचना

प्रस्तुत बिषयमा शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालय हाल सानोठिमि भक्तपुरबाट निशा शर्माको नाममा जारी भएको Ref. No. 791967 भएको N.O.C. लेटर कामको सिलसिलामा सुर्खेत जिल्ला वि.न.पा ११ पिपिरा देखी मंगलगढि जाने क्रममा मिति २०८३-०१-१५ गते दिउँसो करिब ११ बजे हराएकोले भेट्नुहुने महानुभाबले फोन नम्बर ९८६३१६४१४९ वा नजिकको प्रहरी कार्यलयमा बुझाइदिनुहुन हार्दिक अनुरोध गर्दछु।

**तपशिल :**
**नाम :** निशा शर्मा
**ठेगाना :** वीरेन्द्रनगर नगरपालिका -११, पिपिरा, सुर्खेत
**फोन नम्बर :** ९८६३१६४१४९

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,
- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने ब्यवस्था छ।

**त्यसैले अनुमति प्राप्त गर्न:**
- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं
- बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६९५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

## GANGAMALA TRAVELS & TOUR PVT. LTD CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



- MINI BUS
- JEEP/CAR
- EV VAN
- SUMO JEEP

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।